भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, बागमती प्रदेश

भीमेश्वर नगरपालिका राजपत्र

नगर कार्यपालिकाद्वारा प्रकाशित


| | | | |
|---|---|---|---|
| खण्ड ७ | संख्या ४ | मितिः २०२८०/११/१६ | भाग-१ |


# नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) ऐन, , २०८०

**प्रस्तावनाः**

नगर प्रहरीको परिचालन मार्फत नगरपालिकाबासीहरुमा शान्ति, सुरक्षा र अमनचयनको प्रत्याभूति दिलाउन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (क) तथा सोही ऐनको दफा ८३ को उपदफा ८ लाई कार्यान्वयन मा ल्याउन बाञ्छनीय भएकाले भीमेश्वर नगरपालिकाको चौथो नगरसभाले यो ऐन, जारी गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१)संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम “भीमेश्वर नगरपालिकाको नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन ऐन, २०८०” रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भएपछि प्रारम्भ हुनेछ ।

(३) यो ऐन भीमेश्वर नगरपालिकाभर लागु हुनेछ ।

**२) परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) “ऐन” भन्नाले भीमेश्वर नगरपालिकाको नगरप्रहरी (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्दछ ।

(२) “कार्यालय” भन्नाले नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(३) “नगरप्रहरी” भन्नाले ऐन बमोजिम सेवा करारमा नियुक्त भएका नगर प्रहरीलाई सम्झनु पर्दछ ।

(४) “प्रमुख” भन्नाले भीमेश्वर नगरपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(५) “समिति” भन्नाले दफा ५ (२) बमोजिमको छनौट समितिलाई सम्झनुपर्दछ ।

(६) “नगरपालिका” भन्नाले भीमेश्वर नगरपालिकालाई सम्झनुपर्दछ ।

परिच्छेद–२

नगर प्रहरीको छनौट, प्रकार, योग्यता तथा काम कर्तव्य र अधिकार

**३) पदपूर्ति सम्बन्धी व्यवस्था**

१) नगर प्रहरी छनौटको लागि देहाय बमोजिम पदपूर्ति समिति रहने छ ः

१) संयोजक–प्रमुख प्रशासकीय अधिकृत

२) विज्ञ–जिल्ला प्रहरी कार्यालयको प्रहरी अधिकृत

३) सदस्य सचिव–प्रमुख प्रशासकीय अधिकृतले तोकेको एकजना कर्मचारी

(२) छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) परिक्षाको लागि पाठ्यक्रम निर्धारण तथा प्रश्नपत्र तयार, विज्ञापन, सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(ख दरखास्त फाराम उपर छानविन गर्ने ।

(ग) छनौटका लागि कार्यतालिका बनाउने ।

(घ) योग्यताक्रम सूची तयार गर्ने ।

(ङ) नियुक्तिका लागि सिफारिस गर्ने ।

३) नगरप्रहरी सेवा करारमा राख्ने प्रयोजनको लागि देहाय बमोजिम छनौट प्रकृया र चरण अवलम्वन गरिनेछ :

क) प्रारम्भिक स्वास्थ्य

ख) शारिरिक तन्दुरुस्ती परीक्षण परिक्षा १०० पूर्णङ्क

ग) लिखित परिक्षा १०० पूर्णङ्क

घ) अन्र्तवाता २० पूर्णङ्क

ङ) समावेशीता, भौगोलिकता, शैक्षिक योग्यता वापत दिइने अंक ३०

४) नगरप्रहरीको छनौट खुल्ला प्रतियोगिताद्वारा हुनेछ । यसरी खुल्ला प्रतियोगिताद्वारा छनौट गर्दा नगर प्रहरीलाई समावेशी बनाउन महिलालाई ५ अंक, आदिवासी जनजातीलाई ३ अंक र दलितलाई २ अंक दिई प्राथमिकता दिइनेछ ।

५) छनौट सुचीमा शैक्षिक योग्यताको लागि पूर्णाङ्क २० रहनेछ । उम्मेदवारको आवश्यक न्यूनतम शैक्षिक योग्यतामा विशिष्ट श्रेणीको भएमा २० अंक, प्रथम श्रेणीको भएमा १८ अंक, द्वितीय श्रेणीको भएमा १६ अंक, र तृतीय श्रेणीको भएमा १४ अंक मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रदान गरेको चारित्रिक प्रमाणपत्र र मार्कसिटको आधारमा) प्रदान गरिनेछ ।

६) स्थानीय बासिन्दाको लागि पूर्णाङ्क ५ रहनेछ । भीमेश्वर नगरपालिकाको बासिन्दा भएमा ५ (दश) अंक, सम्बन्धित जिल्लाको बासिन्दा भएमा २ अंक र अन्यको भएमा शून्य अंक प्रदान गरिनेछ ।

७) छनौटमा परिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) शारीरिक परीक्षण : शारीरिक परीक्षणको लागि दफा ४ को उपदफा (२) लाई आधार मानिनेछ । प्ररम्भिक शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिने छैन । प्रारम्भिक स्वास्थ्य परीक्षण उत्तीर्ण गरेपश्चात मात्र उम्मेदवारहरुलाई अन्य प्रकृयामा सहभागी गराइने छ । शारिरिक तन्दुरुस्ती परीक्षण परिक्षा १०० पूर्णङ्कको सञ्चालन गरिनेछ ।

(ख) लिखित परीक्षा : लिखित परीक्षाको लागि छनौट समितिले १०० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(ग) अन्तरवार्ता : छनौट समितिले नै अन्तरवार्ता लिन सक्नेछ । यसको लागि पूर्णाङ्क २० रहनेछ । यस अनुसार अंक प्रदान गर्दा न्युनतम ८(आठ) र अधिकतम १६ (सोह्र) अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ । १६ (सोह्र) अंक भन्दा बढी प्रदान गर्नु परेमा कारण उल्लेख गर्नु पर्नेछ ।

**४) प्रकार र योग्यता** :

(१) नगरपालिकामा तपशिलको दर्जाका नगर प्रहरी रहनेछन् ।

क) नगर प्रहरी नायब निरिक्षक

ख) नगर प्रहरी सहायक निरिक्षक

ग) नगर प्रहरी हवल्दार

घ) नगर प्रहरी जवान

२) नगरप्रहरीका विभिन्न पदका लागि आवश्यक योग्यता निम्न बमोजिम हुनेछ ।

**(क) नगर प्रहरी नायव निरिक्षकको लागि** :

१. नेपाली नागरिक भएको ।
२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
३. उमेर २० बर्ष पुरा भइ २५ वर्ष ननाघेको वा पूर्व जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनाबाट उल्लेखित पद सो सरह भन्दा माथि पदमा अवकाश प्राप्तको हकमा ४५ वर्ष ननाघेको ।
४. कुनै पनि नैतिक पतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।
५. नगरपालिकाले तोकेको मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र ।
६. सम्बन्धित ईलाका वा वडा प्रहरीबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।
७. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छात्ती ३१–३३, तौल ५० के. जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको,
८. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९. कुनै पनि राजनीतिक दलको सदस्य नभएको ।

ख) नगर प्रहरी सहायक निरिक्षकको लागि ः

१. नेपाली नागरिक भएको ।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

३. उमेर १८ बर्ष पुरा भइ २४ वर्ष ननाघेको वा पूर्व जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनाबाट उल्लेखित पद सो सरह भन्दा माथि अवकाश प्राप्तको हकमा ४५ वर्ष ननाघेको ।

४. कुनै पनि नैतिक पतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।

५. नगरपालिकाले तोकेको मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र ।

६. सम्बन्धित ईलाका वा वडा प्रहरीबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

७. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छात्ती ३१–३३, तौल ५० के. जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको,

८. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९. कुनै पनि राजनीतिक दलको सदस्य नभएको ।

(ग) नगर प्रहरी हवल्दारको लागि

१. नेपाली नागरिक भएको ।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस।ई।ई। तह वा सो सरह उत्तीर्ण गरेको ।

३. उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको

४. कुनै पनि नैतिक पतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।

५. नगरपालिकाले तोकेको मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र ।

६. सम्बन्धित ईलाका वा वडा प्रहरीबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

७. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छात्ती ३१–३३, तौल ५० के. जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको,

८. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९. कुनै पनि राजनीतिक दलको सदस्य नभएको ।

(घ) नगर प्रहरी जवानको लागि

१. नेपाली नागरिक भएको ।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट आधारभुत तह शिक्षा वा सो सरह उत्तीर्ण गरेको ।

३. उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको

४. कुनै पनि नैतिक पतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र ।

६. सम्बन्धित ईलाका वा वडा प्रहरीबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

७. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छात्ती ३१–३३, तौल ५० के. जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको,

८. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९. कुनै पनि राजनीतिक दलको संगठित सदस्य नभएको ।

**५) नगर प्रहरीको काम, कर्तव्य र अधिकारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (क) बमोजिमका नगर प्रहरीको काम, कर्तव्य र अधिकारहरु देहाय अनुसार हुनेछ :

(१) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यन्वयन,

(२) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(३) स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यस्थापन ,

(५) नगरपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्र्थापना,

(९) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(१०) छाडा पशु चौपायाको नियन्त्रण,

(११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ती अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२) कार्यालयले तोकेको अन्य कार्य ।

## परिच्छेद–३

## विज्ञापन, दरखास्त, नतिजा र नियुक्ति

**६) विज्ञापन सम्बन्धी व्यवस्थाः** समितिले सेवा करारमा नगर प्रहरी छनौटको लागि विज्ञापन गर्नुपर्दा अनुसूची–१ बमोजिमको ढाँचामा तयार गरी नगरपालिकाको स्थानीय वा राष्ट्रिय दैनिक पत्रिका, सूचना पाटी, वेभसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नुपर्नेछ ।

**७) दरखास्त फाराम र प्रवेशपत्र सम्बन्धी व्यवस्थाः** प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले अनुसूचि–२ बमोजिमको दरखास्त फाराम भरी तोकिए अनुसारको कागगजात र दस्तुर सहति अनुसुची २ ढाँचामा अवेदन गर्नु पर्ने छ । आवेदन प्रप्त भएपछि कार्यालयले अनुसूचि–३ बमोजिमको प्रवेशपत्र दुई प्रति तयार पारी एक प्रति कार्यलयमा राखी एकप्रति उम्मेदवारलाई दिइनेछ ।

**८) नतिजा प्रकाशन गर्ने** : दफा ७ बमोजिम आवेदन गरेका उम्मेदवारहरुको समावेशिता, शैक्षिक योग्यता, स्थानीयता, शारिरिक परीक्षण, लिखित परीक्षा र अन्र्तवार्ताको माध्यामबाट नगरप्रहरीको छनौट गरी नतिजा स्थानीय वा राष्ट्रिय दैनिक पत्रिका, नगरपालिकाको सूचना पाटी, वेभसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन र सूचिकृत गर्दा वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद संख्या समेत उल्लेख गर्नुपर्नेछ ।

**९) सिफारिस तथा नियुक्तिः** दफा ८ बमोजिमको कार्य सम्पन्न भए पश्चात् छनौट समितिले नियुक्तिको लागि नगरकार्यपालिकामा सिफारिस गर्नेछ । सिफारिस भई आएका नगर प्रहरीलाई कार्यालयले करार सम्झौता गरी नियुक्त गर्नेछ ।

## परिच्छेद–४

## करार, पारिश्रमिक तथा सुविधा र समाप्ती

**१०) करार गर्नेः**

(१) नगरपालिकाले छनौट भई नियुक्तिका लागि सिफारिस भई आएका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची–४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची–५ बमोजिको नियुक्ति पत्र कार्यालयले नगर प्रहरीलाई दिनुपर्नेछ ।

(४) यस ऐन बमोजिम करार गर्दा सामान्यत चालु आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असार मसान्त सम्मका लागिमात्र करार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको नगर प्रहरीलाई पुनः अर्को वर्षको लागि निरन्तरता दिनु परेमा पुनः परिक्षण, छनौट र शुरू करार सरह मानि सम्झौता गरिनेछ । यसरी निरन्तरता दिँदा भने निजको कार्य प्रगती र निजले देखाएको कार्य सन्तुष्टिलाई प्रमुख आधार मानिनेछ ।

(६) नगर प्रहरीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडि कार्यालयमा लिखितरुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो प्रहरीलाई पुनःकरारमा काम गर्ने अवसर दिइने छैन ।

**११) पारिश्रमिक तथा सुविधाः**

(१) यस ऐन बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरी सहायक निरिक्षक लाई नेपाल सरकारद्वारा नेपाल प्रहरी सहायक निरीक्षकको लागि सुरु स्केलमा तोकिए बराबरको पारिश्रमिक तथा नगर प्रहरी

जवानलाई नेपाल सरकारद्वारा नेपाल प्रहरी सहायक निरीक्षकको लागि सुरु स्केलमा तोकिए बराबरको पारिश्रमिक मात्र मासिक रुपमा शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख गरि उपलब्ध गराइनेछ ।

(२) सेवा करारमा नियुक्त गरिएका नगर प्रहरीलाई सञ्चय कोष, ग्रेड जस्ता सुविधा भने उपलब्ध गराईने छैन । कार्यालयको तर्फबाट बिमा सुविधा प्रदान गरिनेछ । कार्यपालिकाले तोकेका पोशाकको लागि वार्षिक रुपमा एकमुष्ट रु.१०,०००।–(दश हजार मात्र) बराबरको पोसाक सुविधा दिइनेछ आवश्यकतानुसार भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

(३) कार्यालयले करारका नगर प्रहरीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण ९त्ष्क्भक्जभभत० सहितको प्रतिवेदन तयार गर्न लगाई प्रशासन शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ ।

(४) यस ऐन बमोजिम नगर प्रहरीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि प्रकारको दाबी गर्न पाउँने छैन ।

(५) नगरपालिकाले कारारमा नियुक्त नगरप्रहरी समेतलाई उपलब्ध गराउने गरी कुनै सेवा सुविधा सम्बन्धमा कानुनी व्यवस्था गरेकोमा सोही अनुसार हुनेछ ।

**१२) करार समाप्तीः**

(१) देहायको अवस्थामा नगर प्रहरीको नियुक्ति समाप्ती हुनेछः–

(क) नगर प्रहरीले स्वेच्छाले राजीनामा दिएमा वा करार भंग गर्न चाहेमा,

(ख) निजको मृत्यु भएमा,

(ग) यस विधेयकको परिच्छेद ५ बमोजिमको आचरण तथा अनुशासन बारम्बार उल्लघंन गरेमा,

(२) उपदफा १(ग) बमोजिम करार समाप्ती गर्नुभन्दा अघि कार्यालयले आवश्यक छानविन गर्न लगाई सफाईको मौका दिई सो कार्य प्रमाणित भएमा जुनसुकै बखत निजलाई करारबाट हटाउन सक्नेछ ।

## परिच्छेद–५

## आचरण तथा अनुशासन

**१३) नियमित अभ्यास गर्नुपर्नेः** १) नगरपालिकाले नियुक्त गरी कामकाजमा खटाएको नगर प्रहरीले नियमित रुपमा अभ्यास गर्नुपर्नेछ । नियमित रुपमा अभ्यास नगर्ने नगर प्रहरीको मुल्यांकन राखी पुनःसेवा निरन्तरतामा रोक लगाइनेछ ।

२) नगरप्रहरी कर्मचारीले आफ्नो कार्यलयको काम सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आदेशलाइ पालना गर्नुपर्ने छ ।

३) प्रहरी कर्मचारीले सदैव आफ्नो प्रमुखको आदेशको मातहतमा (चेन अफ कमाण्डमा) रही कार्य सम्पादन गर्नुपर्दछ ।

**१४) दर्ज्यानी चिन्ह** : नगर प्रहरीले कामकाजमा खटिँदा कार्यपालिकाले तोकेको पोशाकमा तपशिल बमोजिम दर्ज्यानी चिन्ह सहित नियमित रुपमा लगाउनुपर्नेछ ।

क) नगर प्रहरी नायव निरिक्षक– कुममा दुई तारा

ख)	नगर प्रहरी सहायक निरिक्षक– एक तारा

ग)	नगर प्रहरी हवल्दार– कुममा दुई धर्का

घ)	नगर प्रहरी जवान– कुममा फिता मात्र

**१५) समयतालिका बमोजिम खटनपटन हुनेः** नगर प्रहरीको खटनपटन सम्बन्धी समयतालिका कार्यालयले निर्माण गरी प्रहरी सहायक निरीक्षकको कमाण्डमा परिचालन गर्नेछ । सम्पूर्ण नगर प्रहरी नगरपालिको निर्देशनमा सञ्चालित हुनुपर्नेछ । नगरपालिकाद्वारा दिइएको निर्देशनको पालना गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

**१६) नियमित रिपोर्टिङ गर्नुपर्नेः** नगर प्रहरीले प्रत्येक दिन दिउँसो ४ बजेभित्र नगरपालिकाको शान्ति, सुरक्षा तथा नगरपालिका भर घटेका घटानाहरुको विवरण लगायत आफ्नो काम, कर्तव्य र अधिकारको विषयमा प्रमुख प्रशासकीय अधिकृतलाई रिपोर्टिङ गर्नुपर्नेछ ।

**१७) मादक तथा लागु पदार्थ सेवन गरी कामकाज गर्न नहुनेः** नगर प्रहरीले कामकाजमा खटिँदा मादक तथा लागु पदार्थ सेवन गर्नुहुदैंन । मादक तथा लागु पदार्थ सेवन गरी कामकाज गर्दा नगरपालिकालाई हुन गएको क्षतिको तुरुन्त बिगो भराई कारवाही अगाडि बढाइनेछ ।

**१८) अपराधमा संलग्न हुन नहुनेः** कामकाजमा रहँदा वा नरहँदा नगर प्रहरीले कुनैपनि अपराधमा संलग्न रहनुहुँदैन । अपराधमा संलग्न भएको पाइएमा नगरपालिकाले प्रचलित कानून बमोजिम कारवाही चलाउन सिफारिस गर्न सक्नेछ ।

**१९) सम्मान प्रकट गर्नुपर्नेः** नगर प्रहरीले नगरपालिकाको उच्च पदस्थ व्यक्तिहरुलाई हार्दिकता पूर्वक सम्मान प्रकट व्यक्त गर्नुपर्नेछ ।

## परिच्छेद–६

## विविध

**२०) दरबन्दीः** दफा ५ बमोजिमको काम, कर्तव्य र अधिकारको पालना गर्न नगरपालिकाको निर्णय बमोजिम दरबन्दी कायम गरिनेछ ।

**२१) पुनरावेदनः** दफा १२ को उपदफा २ बमोजिम करार समाप्त भएको नगर प्रहरीले पुनरावेदन गर्न चाहेमा निर्णय भएको मितिले ३० दिन भित्र कार्यपालिकामा आवेदन पेश गर्न सक्नेछ । यस सम्बन्धमा कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

**२२) विदाः** नगर प्रहरीलाई सार्बजनिक बिदाको दिनमा पनि समयतालिका बमोजिम खटाइनेछ । तर यसरी समयतालिका निर्धारण गर्दा हप्तामा एकदिन विदा पाउने गरी व्यवस्था मिलाइनेछ । प्रचलित कानून बमोजिम पाउने क्रिया विदा र सुत्केरी विदा बाहेक नगर प्रहरीले अन्य विदा लिन चाहेमा कामकाजमा असर नपर्ने गरी कार्यालयले एक वर्षमा बढीमा ६ दिनसम्मा मात्र विदा स्वीकृत गर्न सक्नेछ।

**२३) तालिमः** दफा ९ बमोजिम नियुक्त भएका नगर प्रहरीलाई कार्यालयले कम्तीमा १ महिने संक्षिप्त अवधिको तालिमको व्यवस्था मिलाउनेछ ।

**२४) समन्वय गर्नसक्नेः** नगरपालिकाले आवश्यकतानुसार नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलसँग समन्वय गरी संयुक्त रुपमा कार्य गर्न नगर प्रहरीलाई खटाउन सक्नेछ ।

**२५) नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेः** कार्यपालिकाले यस ऐनको अधिनमा रही आवश्यकतानुसार नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

२६) **भए गरेका काम यसै ऐन अनुसार हुने** : यो ऐन बन्नु भन्दा अगाडि नियुक्त भइ निरन्तर सेवामा रही रहेका नगर प्रहरी लाई यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

अनुसूची – १

(दफा ६ सँग सम्बन्धित विज्ञापनको ढाँचा)

भीमेश्वर नगरपालिका

नगरकार्यपालिकको कार्यालय

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

सेवा करारमा नगर प्रहरी लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : ....................

भीमेश्वर नगरपालिका अन्तरगत रहनेगरी देहायको पद, संख्या र योग्यता भएको नगरप्रहरी सेवा करारमा राख्नु पर्ने भएकाले भीमेश्वर नगरपालिकाको नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचनाप्रकाशित भएको मितिले १५ (पन्ध्र दिन भित्र दिनको २०० बजेसम्म दस्तुर तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धितसवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरुसहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट .......... बाट उपलब्ध हुनेछ ।

१) पदको नाम संख्या

२) योग्यता ऐनको दफा ४ अनुसार हुने

३) दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताकोप्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवारस्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४) परीक्षाको किसिम : शारीरिक परीक्षण, लिखित र अन्तरवार्ता

५) परीक्षा केन्द्र : नगरपालिकाले तोके बमोजिम हुनेछ ।

६) दरखास्त दस्तुर :

७) पारिश्रमीक तथा सुविधाः भीमेश्वर नगरपालिकाको नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० बमोजिम हुनेछ ।

अनुसूची–२

(दफा ७ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

भीमेश्वर नगरपालिका

नगरकार्यपालिकको कार्यालय

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

सेवा करारको लागि दरखास्त फाराम

दरखास्त फाराम भर्न चाहेको पद :

विज्ञापन नम्बर :

फारम पेश गरेको कार्यालय :

(क) वैयक्तिक विवरण

वैयक्तिक विवरणनाम थर (देवनागरीमा)

(अंग्रेजी ठूलो अक्षरमा) लिङ्ग :

नागरिकता नं : जारी गर्ने जिल्ला : जारी मितिः

स्थायी ठेगाना (क) जिल्लाः (ख) न.पा/गा.पा..: ९ग) वडा नंः

(घ) टोल : ९ङ) मार्ग/घर नं.: ९च) फोन नं.:

पत्राचार गर्ने ठेगाना : ईमेलः

बाबुको नाम, थर : जन्म मिति : ९वि.सं.मा)

(ईस्वि संवतमा)

बाजेको नाम, थर : हालको उमेर : वर्ष महीना

(ख) शैक्षिक योग्यता/तालिम

(दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यतारतालिम मात्र उल्लेख गर्ने)

आवश्यक न्यूनतम योग्यता विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था शैक्षिक उपाधि/तालिम संकाय श्रेणी/प्रतिशत मूल विषय

शैक्षिक योग्यता

तालिम

(ग)अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछुरबुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा १महीनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

उम्मेदवारको औँठाछाप

...............................................

उम्मेदवारको दस्तखत

दायाँ बायाँ

मितिः–..............................................

कार्यालयले भर्ने

रसिद/भौचर नं. : रोल नं. :

दरखास्त अस्वीकृत भए सो को कारण :

दरखास्त रुजु गर्नेको नाम र दस्तखतः दरखास्त रुजु गर्नेको नाम र दस्तखत ः

द्रष्टव्य ः दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,
३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
४. उम्मेदवारको हालसालै खिचेको ३ प्रति फोटो ।

अनुसूची–३

(दफा ७ सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा)

भीमेश्वर नगरपालिका

नगरकार्यपालिकको कार्यालय

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

नगर प्रहरी परीक्षा प्रवेशपत्र

(क) विज्ञापन मिति :

(ख) विज्ञापन नं. :

(ग) दर्ता, नम्बर :

(घ) नाम,थर र ठेगाना :

(ङ) उमेर :

(च) पद :

(छ) उम्मेदवारको दस्तखत नमूना :

भर्ना छनौटको लागि सम्बन्धित कर्मचारीले भर्ने :

यस कार्यालयबाट लिईने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेकोठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनसक्ने छ ।

परीक्षा केन्द्र : ||||||||||||||||||||||

अधिकृतको दस्तखत र मिति

अनुसूची – ४

(दफा १०को उपदफा २ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

भीमेश्वरनगरपालिका

नगरकार्यपालिकको कार्यालय

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

करार सम्झौता

भीमेश्वर नगरकार्यपालिकको कार्यालय (यसपछि पहिलो पक्ष भनिएका)ै र...............जिल्ला...........................नगरपालिका/नगरपालिका, वडा नं.........बस्ने श्री....................(यसपछि दोश्रो पक्ष भनिएको काबीच भीमेश्वर नगरपालिकामानगरप्रहरीको रुपमा कामकाज गर्न/गराउन मिति२०८...।......।.....को निर्णय अनुसार देहायका कार्यरशर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउनमन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति एकआपसमा बुझि लियौं दियौं ः

१) कामकाज सम्बन्धमा ः दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समयर स्थानमा उपस्थित भई गर्नुपर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२) कामगर्नुपर्नेस्थानः.........................................................................

३) पारिश्रमिक तथा सुविधा ः प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमारु.....................(अक्षरेपी रु........................................................) पारिश्रमिक उपलब्ध गराउनेछ । पोसाक भत्ताको रुपमा दोश्रो पक्षले वर्षको एकपटक एकमुष्ट रुपमा रु १०,०००।– पाउनेछ ।

४) आचरणको पालनाःदोश्रो पक्षले ऐनको परिच्छेद ५ सँग सम्बन्धित आचरण तथा अनुशासनको पूर्णरुपमा पालना गर्नुपर्नेछ।

५) विदाःदोस्रो पक्षलाई सार्बजनिक बिदाको दिनमा पनि समयतालिका बमोजिम खटाईनेछ । तर यसरी समयतालिका निर्धारण गर्दा हप्तामा एकदिन विदा पाउने गरी व्यवस्था मिलाईनेछ । प्रचलित कानून बमोजिम पाउने क्रिया विदा र सुत्केरी विदा बाहेक नगर प्रहरीले अन्य विदा लिन चाहेमा कामकाजमा असर नपर्ने गरी कार्यालयले एक वर्षमा बढीमा ६ दिनसम्मा मात्रविदा स्वीकृत गर्न सक्नेछ ।

६) कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्तिवा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७) गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति, संस्था वा कार्यालयलाईउपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाटभराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८) करार अवधिः यो करार अवधि..........देखि लागू भई .......... सम्मको लागि हुनेछ ।

९) कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसालीनिरन्तरता दिन उपर्युक्त देखिएमा विधेयकको दफा १० बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

११) पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई विना जानकारी लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवाउपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ रसो अवधि १५ दिन भन्दा बढी भएमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षलेशारिरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरणसम्बन्धी कुराहरु बारम्बार उल्लघंन गरेमा पहिलो पक्षले करार संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमाराखि काममा लगाउन बाधा पर्ने छैन ।

१२) दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्तिहुनाका लागि दाबी गर्न पाँउने छैनरगर्ने छैन ।

१३) प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| भीमेश्वर नगरपालिकाको तर्फबाट ः | दोस्रो पक्ष (करार गर्ने व्यक्ति) ः |
| हस्ताक्षर ः | हस्ताक्षर ः |
| नाम ः | नाम ः |
| पद ः | ठेगाना ः |
| मिति ः | मिति ः |
| कार्यालयको छाप ः | |

अनुसूची –५

(दफा १० को उपदफा ३ सँग सम्बन्धित नियुक्ति पत्रको ढाँचा)

भीमेश्वरनगरपालिका

नगरकार्यपालिकको कार्यालय

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

च.नं. मिति ः

प.सं.

श्री.................................,

ठेगाना.............................

विषय ः नियुक्ति दिइएको ।

तपाईलाई छनौट समितिको मिति २०८....।.....। निर्णयानुसार सूचिकृत गरी नतिजा प्रकाशन गरिए बमोजिम..................(पदको नाम) का लागि यसैसाथ संलग्न करार सम्झौता बमोजिम मिति २०८.....।......।..... देखि २०८....।.......।.....सम्म सेवा करारमा नियुक्त गरिएको हँुदा आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन निर्देशन दिँदै यो नियुक्ति पत्र दिइएको छ।

साथै भीमेश्वर नगरपालिकाको नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकार तथा आचरण र अनुशासनको उचित पालना गर्नुहुन समेतनिर्देशन दिईन्छ ।

..................................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर त्ष्भ क्जभभत सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिकरूपमा उपलब्ध गराउनुहुन ।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था गरिदिनुहुन ।

आज्ञाले

विशकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

२०८०/११/१६